घोराही उप–महानगरपालिका

# १९ नं. वडा कार्यालय

सेवा। दाङ, लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या २०७९/०८० मिति २०७९/०४/१५

चलानी न. ४८

श्री जो जस संग सम्बन्ध राख्दछ ।

विषय :सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस घोराही उपमहानगरपालिका वडा न १९ मा कार्यरत ना.प्रा.स भावना पौडेलले एक गा.बि.स.एक पशु प्राविधिक स्वीकृत नीति अनुसार पशु सेवा बिभाग हरिहर भवनको आ.ब. २०७३/०७४ सुचना न.१ र लोकसेवा आयोगको मापदण्ड बमोजिम लिखित मौखिक परिक्षा पुरा गरि २०७३/१०/०१ गते देखि करार सेवामा सैघा गा.बि.स. हाल घोराही उपमहानगरपालिका वडा न.१९ मा हाल सम्म इमान्दार पुर्बक निरन्तर रुपमा काम गर्दै आइरहेको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

२०७९/४/१६

भिम बहादुर के.सि

वडा सचिब

सेवा करार संझौता पत्र

घोराही उपमहानगरपालिका कार्यालय दाङ ( यसपछि कार्यालय भनिने) र श्री भावना पौडेल, दङ्गीशरण गा.पा वडा नं.०२ दाङ (यसपछि पशु सेवा कार्यालय भनिने) बिच तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही करारमा लिन दिन सहमत भई यो सम्झौता गरियो ।

शर्तहरु

यस घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०८०।०४।०२ को निर्णय तथा यस कार्यालयको मिति २०८०।०४।२८ को निर्णयानुसार

१. **कामको विवरण:** पशु सेवा प्राविधिकल घोराही उपमहानगरपालिकाले खटाइएको वडा कार्यालयमा बसी काम गर्नुपर्ने छ ।सामान्य कार्यालय समय र आवश्यकता अनुसार कार्यालय समय बाहेकको समयमा समेत काम गर्नुपर्ने छ । यो सम्झौता अवधि मिति २०८०।०४।०१ बाट २०८१ असार मसान्तसम्म लागु हुनेछ । स्थायी दरबन्दी पद सृजना भई पदपूर्ति भई आएमा वा पशु सेवा प्राविधिकको काम प्रतिको इमान्दारीता, लगनशिलता र अनुशासन आदीका आधारमा मुल्याङकन गर्दा काम सन्तोषजनक नभएमा जुनसुकै बखत सम्झौता रद्द गर्न सकिनेछ ।

२. **आर्थिक सुविधा तथा भुक्तानी:** निर्देशिका २०७३ अनुसार पशु सेवा प्राविधिकलाई नेपाल पशु सेवाका राजपत्र अनङ्कित द्वितिय श्रेणीका नायव प्राविधिक सहायकले पाउने शुरु तलब बराबरको रकम कार्यालयले मासिक पारिश्रमिक उपलब्ध गराउने छ । सालवसाली रुपमा एक महिनाको मासिक पारिश्रमिक बराबरको चाडपर्व खर्च र चैत महिनामा निजामति कर्मचारीले पाए सरह पोशाक भत्ता उपलब्ध गराइनेछ । पारिश्रमिक भूक्तानी गर्दा प्रचलित ऐन नियमानुसार कट्टा गर्नुपर्ने कर कट्टी गरी भुक्तानी गरिनेछ । कार्यालयले कामको शिलशिलामा तोकिएको कार्य क्षेत्र भन्दा बाहिर फिल्डमा वा जिल्ला बाहिर काजमा खटाएमा नियमानुसार दैनिक भ्रमण भत्ता दिइनेछ । सम्झौतामा उल्लेखित भन्दा बढी कुनै प्रकारको सुविधा वा रकम दावी गर्न पाइने छैन । भुक्तानी गर्दा महिना भुक्तानी भएपछि बैंक खाता मार्फत गरिनेछ ।

३ **बिदा सुविधा:** सार्बजनिक बिदा बाहेक वार्षिक रुपमा सञ्चित भई बिदा जिम्मेवारी नसर्ने गरी मासिक रुपमा १ बिदा र परि आएको बखतमा ६० दिन सुत्केरी बिदा र १५ दिन क्रिया बिदा सुविधा दिइनेछ । अन्य कुनै प्रकारको बिदा सुविधा हुने छैन । सार्वजनिक बिदाको दिन समेत कार्यालयको काम गर्नुपर्ने अवस्था परि आएमा कार्यालयको सुचाना अनुसार काम गर्नुपर्नेछ ।

४ घोराही उपमहानगरपालिका कार्यालय दाङको चलअचल सम्पतिमा कुनै प्रकारको हानी नोक्सानी पुऱ्याएमा वा हिनामिना गरेमा साको सरकारी बाँकी सरह कार्यालयले पशुसेवा प्राविधिक बाट भराउने छ ।

५ पशु सेवा प्राविधिकले कार्यालयको चल-अचल सम्पत्तिमा कुनै प्रकारको हानी नोक्सानी पुऱ्याएमा वा हिनामिना गरेमा सोको बिगो सरकारी बाँकी सरह कार्यालयले पशु प्राविधिकबाट भराउने छ ।

६ पशु सेवा प्राविधिकले सम्झौता तोड्न चाहेमा कम्तीमा एक महिना पहिले सुचना दिनु पर्नेछ । तर कार्यालयले चाहेमा वा प्राविधिकको काम सन्तोषजनक नभएमा वा मादक पदार्थ सेवन गरी कार्यालय आएमा वा कुनै प्रकारको अनुचित कार्य गरेमा जुनसुकै बखत सम्झौता रद्द गर्न सकिनेछ ।

७ यो सम्झौता २०८०।०४।०१ गते देखी लागु हुनेछ ।

**पशु सेवा प्राविधिकका तर्फबाट**
नाम: भावना पौडेल
ठेगाना: दङ्गीशरण गा.पा वडा नं.०२
हस्ताक्षर:
मिति:२०८०।०४।२९

**घोराही उपनपा कार्यालयको तर्फबाट**
नाम: बासुदेव आचार्य
पद: उपसचिव
हस्ताक्षर:
मिति: २०८०।०४।२९
बासुदेव आचार्य
उप-सचिव रा.प.द्वितिय

घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ नेपाल

बोधार्थ
श्री आर्थिक प्रशासन शाखा, घोराही उपमहानपा दाङ ।